# विपन्न, दलित र अपाङ्गता भएका विद्यार्थीका लागि उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी मार्गदर्शन, २०८२

<u>स्वीकृत मितिः- २०८२/१२/१९</u>

कोशी प्रदेशका आर्थिक रुपले विपन्न, दलित तथा अपाङ्गता भएका विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न सामाजिक विकास मन्त्रालयको आ.व. २०८२/८३ को बजेट उपशीर्षक नं. ३५००३१३८ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनीय भएकाले कोशी प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो मार्गदर्शन स्वीकृत गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** यस मार्गदर्शनको नाम " विपन्न, दलित समुदाय र अपाङ्गता भएका विद्यार्थीका लागि उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी मार्गदर्शन, २०८२" रहेको छ। यो मार्गदर्शन मन्त्रालयले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,-

(क) "अपाङ्गता भएका विद्यार्थी" भन्नाले प्रचलित कानूनले अपाङ्गता परिभाषित गरेका उच्च शिक्षामा अध्ययनरत विद्यार्थी सम्झनु पर्छ ।

(ख) "उच्च शिक्षा" भन्नाले स्नातक र स्नातकोत्तर तह वा सो सरहको शिक्षा सम्झनु पर्छ।

(ग) "विद्यार्थी" भन्नाले उच्च शिक्षामा अध्ययनरत कोशी प्रदेशमा स्थायी बसोबास भएका लक्षित समूहका विद्यार्थी सम्झनु पर्छ।

(घ) "विपन्न विद्यार्थी" भन्नाले राष्ट्रिय तथ्याङ्क कार्यालयले निर्धारण गरेको प्रतिव्यक्ति वार्षिक उपभोग सीमा भन्दा कम आय भएको कोशी प्रदेशभित्र स्थायी बसोबास गर्ने उच्च शिक्षामा अध्ययनरत रहेको र स्थानीय तहबाट विपन्न प्रमाणित विद्यार्थी सम्झनुपर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(च) "सिफारिस समिति" भन्नाले दफा १५ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ।

(छ) "छात्रवृत्ति" भन्नाले उच्च शिक्षामा अध्ययनरत लक्षित समूहका विद्यार्थीहरुलाई शिक्षण शुल्क समेतका आधारमा यस मार्गदर्शन बमोजिम मन्त्रालयबाट उपलब्ध गराइने शिक्षण सहयोग रकम सम्झनु पर्छ।

(ज) "दलित विद्यार्थी" भन्नाले प्रचलित कानूनले दलित परिभाषित गरेका समुदाय वा नेपाल सरकारबाट दलित भनी सूचीकृत जातजातिका उच्च शिक्षामा अध्ययनरत विद्यार्थीलाई सम्झनु पर्छ।

(झ) "लक्षित समूह" भन्नाले सम्बन्धित स्थानीय तहको सिफारिस बमोजिम विपन्न, दलित समुदाय तथा अपाङ्गता भएका विद्यार्थी सम्झनु पर्छ।

सामाजिक विकास मन्त्रालय

(ञ) "उच्च शिक्षा संस्था" भन्नाले छात्रवृत्ति आवेदक विद्यार्थी अध्ययनरत स्नातक र स्नातकोत्तर तह सञ्चालन भएका विश्वविद्यालय विभाग संस्थान र आंगिक तथा एवम् सम्वन्धनप्राप्त शैक्षिक संस्था सम्झनुपर्छ ।

(ट) " सचिव " भन्नाले मन्त्रालयको सचिव सम्झनुपर्छ ।

## परिच्छेद -२

## छात्रवृत्ति निर्धारण र सीमा सम्वन्धी व्यवस्था

**३. <u>छात्रवृत्ति कोटा निर्धारण गरिने:</u>** (१) लक्षित समूहका विद्यार्थीलाई उच्च शिक्षामा पहुँच अभिवृद्धिका लागि प्रदेश सरकारबाट विनियोजन भएको बजेटको परिधिभित्र रही यस मार्गदर्शन बमोजिम छात्रवृत्ति वितरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति रकम गर्दा विपन्न, दलित र अपाङ्गताका लागि छुट्टाछुट्टै रकम निर्धारण गर्नुपर्नेछ।

(३) छात्रवृत्तिका लागि विनियोजित कुल बजेटमध्ये साधारणतया विपन्नका लागि चालिस प्रतिशत, दलितका लागि पैतीस प्रतिशत र अपाङ्गता भएका विद्यार्थीका लागि पच्चिस प्रतिशत रकम विनियोजन गरिनेछ।

तर कुनै लक्षित समूहमा योग्य आवेदक कम भएमा सिफारिस समितिको सिफारिसमा मन्त्रालयले अपाङ्गता भएका, दलित र विपन्न विद्यार्थीलाई क्रमशः प्राथमिकता दिई समूहगत बजेटको पुनःसमायोजन गर्न सक्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम छात्रवृत्ति वितरण गर्दा स्वीकृत कार्यक्रमको छात्रवृत्तिको कोटा विपन्न, दलित र अपाङ्गता भएका विद्यार्थीबाट पेश भएका निवेदनमध्ये छात्रवृतिका लागि योग्य कायम भएका विद्यार्थीको संख्या र छात्रवृत्ति रकम बमोजिम हुनेछ ।

**४. <u>छात्रवृत्ति वितरणको समयसीमाः</u>** (१) यस मार्गदर्शन बमोजिम छात्रवृत्तिका लागि सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र आवेदन संकलन सम्पन्न गर्नुपर्नेछ।

(२) आवेदनको म्याद समाप्त भएको मितिले एक्काइस दिनभित्र छनोट तथा सिफारिस प्रक्रिया सम्पन्न गर्नुपर्नेछ।

(३) मन्त्रालयले सिफारिस समितिको सिफारिस प्राप्त भएको मितिले पन्ध्र दिनभित्र छात्रवृत्ति रकम सम्बन्धित विद्यार्थीको बैंक खातामा उपलब्ध गराउनुपर्नेछ।

(४) यस मार्गदर्शन बमोजिम वितरण गरिने छात्रवृत्ति आवेदन गरेको आर्थिक बर्षका लागि मात्र कायम हुनेछ।

**५. <u>छात्रवृत्ति रकमको निर्धारणः</u>** (१) विपन्न, दलित वा अपाङ्गता सम्वन्धी उच्च शिक्षा छात्रवृत्ति रकमको सीमा चिकित्साशास्त्र, इन्जिनियरिङ, कृषि, बन तथा विज्ञान प्रविधि वा यस्तै अन्य प्राविधिक शिक्षामा अध्ययनरत छात्रवृत्ति योग्य आवेदकका हकमा बढीमा एकमुष्ट तीस हजार रुपैंया तथा शिक्षाशास्त्र, व्यवस्थापन, कानून र मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गत अध्ययनरत छात्रवृत्ति योग्य आवेदकका हकमा बढीमा एकमुष्ठ चौविस हजार रुपैंया हुनेछ ।

तर उपदफा (१) बमोजिम निर्धारण गरिएको छात्रवृत्ति रकम सम्बन्धित शिक्षण संस्थाले सो शैक्षिक वर्षका लागि तोकेको वार्षिक शिक्षण शुल्कभन्दा बढी हुने छैन।

(२) छात्रवृत्तिका लागि योग्य आवेदकको संख्या बजेटको सीमा भन्दा उच्च रहेमा छनोट समितिको सिफारिसमा मन्त्रालयले प्रतिव्यक्ति छात्रवृत्तिको अधिकतम सीमाको पचास प्रतिशतसम्म घटाई दफा १४ बमोजिम निर्धारण भएको प्राथमिकताक्रमका आधारमा उपलब्ध बजेटको सीमा बमोजिम छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ ।

(३) यस दफाअन्तर्गत छात्रवृत्तिका लागि विद्यार्थीको अन्तिम प्राथमिकता निर्धारण दफा १४ मा उल्लेखित मापदण्ड र अंक प्रणाली बमोजिम मात्र गरिनेछ र सोही आधारमा सिफारिस समितिद्वारा छनोट सूची तयार गरी सिफारिस गरिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम प्राथमिकताक्रम भित्र नपरेका आवेदकहरु यस मार्गदर्शन बमोजिम छात्रवृत्ति प्राप्त गर्नेछैनन् ।

## परिच्छेद — ३

## छात्रवृत्ति आवेदन, योग्यता र कागजात सम्बन्धी व्यवस्था

६. **सूचना प्रकाशन गर्नुपर्ने:** छात्रवृत्ति वितरणका लागि मन्त्रालयले पन्ध्र दिनको समयसीमा निर्धारण गरी मन्त्रालयको वेबसाइट र सूचनापाटीमा सूचना प्रकाशन गरी लक्षित समूहका विद्यार्थीहरूसँग आवेदन माग गरिनेछ।

७. **आवेदन पेश गर्नुपर्ने:** (१) मन्त्रालयबाट प्रकाशित सूचना बमोजिम तोकिएको म्याद भित्र छात्रवृत्तिका लागि योग्यता पुगेका विद्यार्थीहरुले अनुसूची १ बमोजिम आवश्यक कागजात सहित निवेदन तथा सिफारिस र अनुसूची २ बमोजिमको विद्यार्थी विवरण फारम पेश गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा अपाङ्ग वा दलित वा विपन्नमध्ये कुनै एक लक्षित समूह अनिवार्य रुपमा जनाई निवेदन पेश गर्नुपर्नेछ ।

८. **सूचना प्रविधि प्रयोग गर्न सक्ने:** (१) मन्त्रालयले छात्रवृत्ति आवेदन, छनोट तथा सूचना प्रकाशनका लागि विद्युतीय (अनलाइन) प्रणाली विकास तथा प्रयोग गर्न सक्नेछ।

(२) अनलाइन प्रणालीमार्फत आवेदन लिँदा सम्बन्धित कागजातहरुको सक्कल कपी स्क्यान गरी पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएका कागजात सम्वन्धी थप जानकारी आवश्यक भएमा मन्त्रालयले विद्युतीय माध्यम वा अन्य माध्यममार्फत थप विवरण माग गर्न सक्नेछ ।

९. **आवेदनका लागि आवश्यक योग्यता र मापदण्ड:** (१) विपन्न, दलित समुदाय वा अपाङ्गता भएका उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरुले छात्रवृत्ति प्राप्त गर्नका लागि देहाय बमोजिमको योग्यता र मापदण्ड देहाय बमोजिम हुनेछः-

क) नेपाली नागरिक,

ख) कोशी प्रदेशभित्र स्थायी बसोबास रहेको,

ग) विपन्न वा दलित वा अपाङ्गता भएको,

घ) नेपालभित्रका विश्वविद्यालय वा विश्वविद्यालय सरहका अध्ययन प्रतिष्ठान तथा सो अन्तर्गतका विभाग वा आङ्गिक वा सम्बन्धनप्राप्त शैक्षिक संस्थामा स्नातक वा स्नातकोत्तर तहमा नियमित अध्ययन गरिरहेको,

ङ) अध्ययनरत बर्ष वा सेमेस्टरका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा विश्वविद्यालय अनुदान आयोग वा सम्बन्धित विश्वविद्यालय वा शैक्षिक संस्थाबाट छात्रवृत्ति प्राप्त नगरेको,

१०. **छात्रवृत्तिका लागि योग्य नहुने:** (१) विपन्न, दलित समुदाय वा अपाङ्गता उच्च शिक्षा छात्रवृत्तिको आवेदनका लागि देहायका विद्यार्थी अयोग्य मानिनेछः

क) स्नातक तहको लागि आवेदन दिने समयमा पच्चीस बर्ष र स्नातकोत्तर तहका लागि तीस बर्ष नाघेको,

तर अपाङ्गता भएका विद्यार्थीका हकमा उमेर हद लागू हुने छैन ।

ख) सरकारी वा गैरसरकारी क्षेत्रमा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक पाउने पदमा पूर्णकालीन रोजगारीमा कार्यरत रहेको,

ग) सम्बन्धित तहको अन्तिम सेमेस्टर वा बर्षको अन्तिम परीक्षा सम्पन्न भइसकेको,

**११. <u>छात्रवृत्तिका लागि आवेदनसाथ पेश गर्नुपर्ने:</u>** (१) विपन्न, दलित वा अपाङ्गता उच्च शिक्षा छात्रवृत्ति प्राप्त गर्नका लागि देहाय बमोजिमको कागजात पेश गर्नुपर्नेछः-

क) निज विद्यार्थी अध्ययनरत शिक्षण संस्थाको अनुसूची १ बमोजिमको निवेदन पत्र तथा शैक्षिक संस्थाको सिफारिस,

ख) अनुसूची २ बमोजिम विद्यार्थीको विवरण फारम,

ग) नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा कोशी प्रदेशको स्थायी बसोबास खुल्ने सम्बन्धित स्थानीय तहको सिफारिस-पत्र,

घ) गरिवी परिचयपत्र/ विपन्न रहेको व्यहोरा स्थानीय तहबाट प्रमाणित पत्र वा सूचीकृत दलित जाति वाहेक अन्य दलित जातिको हकमा दलित समुदायको खुल्ने आधिकारिक प्रमाणित कागजात वा अपाङ्गता परिचयपत्रको प्रतिलिपि,

ङ) पूर्ण र अति अशक्त अभिभावकको सन्ततीको हकमा अभिभावकसँगको नाता प्रमाणित र अभिभावकको अपाङ्गता परिचयपत्र प्रतिलिपी,

च) अध्ययनरत बर्ष वा सेमेष्टारको पछिल्लो नतिजाको मार्कसिट वा ग्रेडसिटको प्रतिलिपि,

ज) विद्यार्थीको बैंक खाता र स्थायी लेखा नम्बर (PAN),

**१२. <u>सम्बन्धित उच्च शिक्षा संस्था र स्थानीय तहको जिम्मेवारीः</u>** (१) विद्यार्थी अध्ययनरत उच्च शिक्षा संस्थाले अनुसुची १ बमोजिम र सम्बन्धित स्थानीय तहले अनुसुची ३ बमोजिमको ढाँचामा उच्च शिक्षा छात्रवृत्तिका लागि सिफारिस गर्नुपर्नेछ।

(२) उच्च शिक्षा संस्था र स्थानीय तहले विद्यार्थीको विवरण यकिन गरी सिफारिस गर्नुपर्नेछ ।

(३) गलत विवरणका आधारमा सिफारिस गरिएको प्रमाणित भएमा सम्बन्धित उच्च शिक्षा संस्था र स्थानीय तह जिम्मेवार हुनेछन् ।

(४) मन्त्रालयले आवेदक विद्यार्थीका सम्वन्धमा थप विवरण माग गरेमा सम्बन्धित उच्च शिक्षा संस्था र स्थानीय तहले विवरण उपलब्ध गराउन आवश्यक सहयोग गर्नुपर्नेछ ।

## परिच्छेद — ४

## छात्रवृत्ति सिफारिस र वितरणसम्वन्धी व्यवस्था

**१३. <u>छनोटका आधार र प्रक्रियाः</u>** (१) छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्दा प्रकाशित सूचना बमोजिम म्यादभित्र रीतपूर्वक प्राप्त हुन आएका आवेदनलाई छनोट प्रक्रियामा समावेश गर्नुपर्नेछ ।

(२) मन्त्रालयले छात्रवृत्तिका लागि पेश भएका आवेदकको प्रारम्भिक सूची कायम गरिनेछ ।

(३) सिफारिस समितिले प्रारम्भिक सूचीमा समावेश भएका आवेदकहरुका कागजातको विश्लेषण गरी योग्य ठहरिएका निवेदकहरूलाई दफा १४ बमोजिमको अंक प्रणालीअनुसार अंक प्रदान गरी प्राप्त कुल अंकका आधारमा प्राथमिकताक्रम निर्धारण गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्धारण गरिएको प्राथमिकताक्रम र प्राथमिकताक्रमको कुल अङ्कका आधारमा दफा ५ बमोजिम छात्रवृत्ति रकम निर्धारण गरी सिफारिस समितिद्वारा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको सूची तयार गरिनेछ।

(५) योग्य आवेदकको संख्या उपलब्ध बजेटको सीमाभन्दा बढी भएमा सिफारिस समितिले छात्रवृत्ति रकम सीमाको पचास प्रतिशतसम्म घटाई प्राथमिकताक्रमका आधारमा उपलब्ध बजेट बमोजिम छात्रवृत्तिका लागि सिफारिस गर्नेछ ।

(६) एउटै विद्यार्थी एकभन्दा बढी लक्षित समूहमा पर्ने अवस्थामा एक लक्षित समूहका लागि मात्र छात्रवृत्ति सिफारिस गरिनेछ ।

(७) सिफारिस समितिबाट तयार गरिएको छनोट सूची सम्बन्धित मन्त्रालयको निर्णय पश्चात सार्वजनिक गरिनेछ।

(८) छनोट प्रक्रियाका क्रममा आवश्यक ठहरेमा सिफारिस समितिले अतिरिक्त विवरण वा कागजात माग गर्न सक्नेछ।

१४. **<u>छात्रवृत्ति छनोटका लागि प्राथमिकता निर्धारणः</u>** (१) विपन्न विद्यार्थी छनोट गर्दा देहाय बमोजिमको अंक प्रणालीमार्फत अनुसूची ४ बमोजिम प्राथमिकता निर्धारण गरिनेछः

| क्र.सं. | मूल्याङ्कन आधार | मापदण्ड | पूर्णाङ्क |
|---|---|---|---|
| १ | शैक्षिक उपलब्धि | ≥७५% वा GPA ≥ ३.०० | ३ |
| | | ६०% — ७४.९९% वा GPA २.४० — २.९९ | २ |
| | | ४०% — ५९.९९% वा GPA १.६० — २.३९ | १ |
| | | सो भन्दा कम | ०.५ |
| २ | शिक्षण शुल्क / अध्ययन खर्च | वार्षिक शुल्क ≥ रु १,००,००० | ३ |
| | | रु ५०,००० — ९९,९९९ | २ |
| | | रु २५,००० — ४९,९९९ | १ |
| | | रु २५,००० भन्दा कम | ०.५ |
| | | निःशुल्क | ० |
| ३ | भौगोलिक अवस्था (दुर्गमता) | दुर्गम/अतिदुर्गम क्षेत्र | २ |
| | | अन्य क्षेत्र | १ |
| ४ | परिवारको सामाजिक अवस्था | पूर्ण र अति अशक्तता भएका अभिभावकका सन्तान | २ |
| जम्मा | | | १० |

(२) दलित छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्दा देहाय बमोजिमको अंक प्रणालीमार्फत अनुसूची ५ बमोजिम प्राथमिकता निर्धारण गरिनेछः

| क्र.सं. | मूल्याङ्कन आधार | मापदण्ड | पूर्णाङ्क |
|---|---|---|---|
| १ | आर्थिक अवस्था (निरपेक्ष गरिबी) | निरपेक्ष गरिबीमा सूचीकृत भएको/हुने | २ |
| | | निरपेक्ष गरिबीमा नपर्ने | १ |

| | | | |
|---|---|---|---|
| २ | शैक्षिक उपलब्धि | ≥७५% वा GPA≥३.०० | ३.५ |
| | | ६०% — ७४.९९% वा GPA २.४० — २.९९ | ३ |
| | | ४०% — ५९.९९% वा GPA १.६० — २.३९ | २ |
| | | सो भन्दा कम | १ |
| ३ | शिक्षण शुल्क / अध्ययन खर्च | वार्षिक शुल्क ≥ रु १,००,००० | ३.५ |
| | | रु ५०,००० — ९९,९९९ | ३ |
| | | रु २५,००० — ४९,९९९ | २ |
| | | रु २५,००० भन्दा कम | १ |
| | | निःशुल्क | ०.५ |
| ४ | भौगोलिक अवस्था (दुर्गमता) | दुर्गम/अतिदुर्गम क्षेत्र | १ |
| | | अन्य क्षेत्र | ०.५ |
| जम्मा | | | १० |

(३) अपाङ्गताको छात्रवृत्ति सिफारिस गर्दा देहाय बमोजिमको अंक प्रणालीमार्फत अनुसूची ६ बमोजिम छुट्टै प्राथमिकताक्रम निर्धारण गरिनेछः

| क्र.सं. | मूल्याङ्कन आधार | मापदण्ड | पूर्णाङ्क |
|---|---|---|---|
| १ | आर्थिक अवस्था (विपन्न्) | निरपेक्ष गरिबीमा सूचीकृत भएको/हुने | २.० |
| | | निरपेक्ष गरिबीमा नपर्ने | १ |
| २ | अपाङ्गताको वर्ग | क वर्ग | २ |
| | | ख बर्ग | १.५ |
| | | ग बर्ग | १.० |
| | | घ बर्ग | ०.५ |
| ३ | शैक्षिक उपलब्धि | ≥७५% वा GPA≥३.०० | २.५ |
| | | ६०% — ७४.९९% वा GPA २.४० — २.९९ | २ |
| | | ४०% — ५९.९९% वा GPA १.६० — २.३९ | १ |
| | | सो भन्दा कम | ० |
| ४ | शिक्षण शुल्क / अध्ययन खर्च | वार्षिक शुल्क ≥ रु १,००,००० | २.५ |
| | | रु ५०,००० — ९९,९९९ | २ |
| | | रु ५०,००० भन्दा कम | १ |
| | | निःशुल्क | ०.५ |
| ५ | भौगोलिक अवस्था (दुर्गमता) | दुर्गम/अतिदुर्गम क्षेत्र | १ |
| | | अन्य क्षेत्र | ०.५ |
| जम्मा | | | १० |

सामाजिक विकास मन्त्रालय

(४) यस दफा बमोजिम विपन्नता निर्धारण गर्दा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट निर्धारित प्रतिव्यक्ति उपभोग सीमा र भौगोलिक अवस्थाको अङ्कको गणना गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट निर्धारण गरिएको बर्ग बमोजिम हुनेछ ।

(५) उपदफा (१), (२) र (३) बमोजिम विपन्न, दलित र अपाङ्ग छात्रवृत्तिका लागि अंक प्रदान गर्दा समूहगत रूपमा छुट्टाछुट्टै प्राथमिकताक्रम निर्धारण गरिनेछ र सम्बन्धित समूहअन्तर्गत मात्र छात्रवृत्ति वितरण गरिनेछ।

(६) यस दफा बमोजिम विपन्न छात्रवृत्ति वितरण गर्दा पूर्ण वा अति अशक्त अभिभावकका सन्तान रहेका विपन्न विद्यार्थीको प्राप्त अङ्क जेसुकै भए पनि सो समूहभित्र पहिलो प्राथमिकता दिइनेछ।

(७) प्राथमिकता निर्धारण गर्दा निर्धारित मापदण्ड बमोजिम समान अंक प्राप्त भएमा विगत दुई आर्थिक वर्षभित्र छात्रवृत्ति नपाएका, परिवारको आय कम भएको र दुर्गम क्षेत्रको आवेदकलाई प्राथमिकता दिइनेछ ।

**१५. <u>सिफारिस समितिः</u>** (१) उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति वितरणको सूचना आव्हान, आवेदन संकलन, आवेदकको छनोट र छात्रवृत्तिका लागि मन्त्रालयसमक्ष विद्यार्थीको नामावली सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको एक छात्रवृत्ति सिफारिस समिति रहनेछः-

| | |
|---|---|
| (क) महाशाखा प्रमुख, शिक्षा, युवा तथा खेलकुद महाशाखा, मन्त्रालय | - संयोजक |
| (ख) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय | - सदस्य |
| (ग) कानून अधिकृत, मन्त्रालय | - सदस्य |
| (घ) मनमोहन प्राविधिक विश्वविद्यालयले तोकेको अधिकृत प्रतिनिधि | - सदस्य |
| (ङ) मन्त्रालयका उच्च शिक्षा सम्बन्धी विषय हेर्ने शाखा प्रमुख | - सदस्य-सचिव |

(२) समितिको बैठकमा सम्बन्धित विषय क्षेत्रका विज्ञ, लक्षित समूहका प्रदेशस्तरीय समितिका प्रतिनिधि वा सम्बन्धित कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) वैठकमा उपस्थित समितिका सदस्य र आमन्त्रित सदस्यलाई प्रदेश सरकारको स्वीकृत नर्म्स बमोजिम वैठक भत्ता उपलब्ध गराइनेछ ।

**१६. <u>समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वीकृत कार्यक्रम तथा बजेटको परिधिभित्र रही छात्रवृत्तिका लागि आवेदन आव्हान गरी मन्त्रालयको तर्फबाट सूचना प्रकाशन गर्ने,

(ख) निर्धारित समयभित्र पर्न आएका आवेदनको रुजु तथा जाँचबुझ गरी विद्यार्थीको आवेदन स्वीकृत वा अस्वीकृत गर्ने,

(ग) स्वीकृत बजेट र आवेदन अनुसार विपन्न, दलित र अपाङ्गता छात्रवृत्तिको कोटा निर्धारण गर्ने,

(घ) विद्यार्थीले अध्ययन गरिरहेको विषय संकायमा लागेको अध्ययन शुल्क समेतका आधारमा छात्रवृत्ति रकमको निर्धारण गर्ने,

(ङ) विद्यार्थीबाट प्राप्त आवेदनको अध्ययन गरी छात्रवृत्ति वितरणका लागि सचिव समक्ष सिफारिस गर्ने।

१७. **<u>अपाङ्गता भएका विद्यार्थीका लागि विशेष व्यवस्थाः</u>** मन्त्रालयले निशुल्क अध्ययन गरिरहेका अपाङ्गता भएका विद्यार्थीहरुको अध्ययन शैक्षिक सामग्री, सहायक सफ्टवेयर, ब्रेल नोटबुक वा अन्य सहजीकरणका लागि सिफारिस समितिको सिफारिसमा एकमुष्ट रूपमा बढीमा दशहजार रुपैंयासम्म अध्ययन सहायता छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ।

तर यस मार्गदर्शन बमोजिम छात्रवृत्ति प्राप्त गरेका वा प्राप्त हुने विद्यार्थीलाई यस दफा बमोजिमको सहायता उपलब्ध गराइने छैन।

१८. **<u>छात्रवृत्ति रोक्का वा खारेज हुने अवस्थाः</u>** (१) देहायका अवस्थामा मन्त्रालयले छात्रवृत्ति रोक्का वा खारेज गर्न सकिनेछः

(क) झुट्टा विवरण वा कागजात पेश गरेको प्रमाणित भएमा,

(ख) अध्ययन छोडेको वा स्थगित गरेको अवस्थामा,

(ग) अर्को कुनै सरकारी वा निजी संस्थाबाट दोहोरो छात्रवृत्ति प्राप्त गरेको प्रमाणित भएमा,

(घ) छात्रवृत्ति रकम दुरुपयोग गरेको प्रमाणित भएमा।

१९. **<u>छात्रवृत्ति सिफारिस तथा वितरणः</u>** (१) सिफारिस समितिले गरेको सिफारिसको आधारमा मन्त्रालयले सचिवस्तर निर्णयबमोजिम सम्बन्धित विद्यार्थीको नाममा रहेको बैंक खातामा छात्रवृत्ति रकम एकमुष्ट रूपमा उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति सिफारिस तथा वितरण गर्दा एकभन्दा बढी लक्षित समूहमा पर्ने विद्यार्थीको हकमा दोहोरो लाभ नहुने गरी कुनै एक लक्षित समूहअन्तर्गत मात्र छात्रवृत्ति सिफारिस तथा वितरण गरिनेछ।

(३) अपाङ्गतातर्फको छात्रवृत्ति सिफारिस गर्दा सशुल्क अध्ययन गरिरहेका विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गर्न पहिलो प्राथमिकता र निशुल्क अध्ययन गरिरहेका विद्यार्थीहरुलाई अध्ययन सहायता छात्रवृत्ति वितरणलाई दोस्रो प्राथमिकताक्रममा राखी छात्रवृत्ति सिफारिस गरिनेछ ।

(४) सिफारिस समितिले छात्रवृत्तिका लागि सिफारिस गरेको विद्यार्थीहरूको नामावली मन्त्रालयको वेबसाइट वा सूचना पाटीमार्फत सार्वजनिक गरिनेछ।

(५) नामावली सार्वजनिक गरिएको मितिले कम्तीमा सात दिनको अवधि दावी विरोधका लागि प्रदान गरिनेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त दावी-विरोधको छानबिन गरी निर्णयपछि मात्र छात्रवृत्ति रकम वितरण गरिनेछ।

## परिच्छेद—५

## अनुगमन तथा गुनासो व्यवस्थापन

२०. **<u>अनुगमन व्यवस्थाः</u>** (१) मन्त्रालयले छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता, पारदर्शिता र लक्षित समूहमा पुगे नपुगेको अवस्था यकिन गर्न नियमित अनुगमन गर्नेछ।

(२) अनुगमनका क्रममा मन्त्रालयले देहायका विषयहरू मूल्याङ्कन गर्न सक्नेछः

(क) छात्रवृत्ति वितरण प्रक्रिया मार्गदर्शन बमोजिम भएको/नभएको,

(ख) लाभग्राहीको योग्यता र कागजातको सत्यता,

(ग) छात्रवृत्ति रकमको सदुपयोग अवस्था,

(घ) छात्रवृत्तिले अध्ययन निरन्तरता र उपलब्धिमा पारेको प्रभाव,

(३) मन्त्रालयले आवश्यक ठानेमा शैक्षिक संस्था वा स्थानीय तहसँग समन्वय गरी स्थलगत अनुगमन गर्न सक्नेछ।

२१. **गुनासो व्यवस्थापनः** (१) छात्रवृत्ति आवेदन, छनोट, सिफारिस वा वितरणसम्बन्धी कुनै गुनासो भएमा सम्बन्धित विद्यार्थी वा सरोकारवाला पक्षले मन्त्रालयमा लिखित वा विद्युतीय माध्यमबाट गुनासो दर्ता गराउन सक्नेछ।

(२) प्राप्त गुनासो मन्त्रालयले दर्ता गरी सात दिनभित्र प्रारम्भिक छानबिन गर्नुपर्नेछ।

(३) गुनासो सत्य देखिएमा मन्त्रालयले आवश्यक सुधारात्मक कार्य, पुनरावलोकन वा निर्णय सच्याउने कार्य गर्न सक्नेछ।

## परिच्छेद—६
## विविध

२२. **बाधा अड्काउ फुकाउने अधिकारः** (१) यस मार्गदर्शन कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ।

२३. **मार्गदर्शनको संशोधनः** यस मार्गदर्शनको संशोधन गर्ने अधिकार मन्त्रालयमा निहित रहनेछ।

सामाजिक विकास मन्त्रालय

## अनुसूची — १

**(दफा ७ को उपदफा (१), ११ को उपदफा (१) को खण्ड (क) र दफा १२ को उपदफा (१) सँग सम्बन्धित)**

**छात्रवृत्तिका लागि मन्त्रालयसमक्ष पेश गरिने निवेदन र सिफारिसको ढाँचा**

मितिः ....................

श्री सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश

मार्फत

श्री ......................................क्याम्पस/विभाग.

..........., .........................

**विषयः छात्रवृत्तिका लागि निवेदन पेश गरिएको सम्बन्धमा ।**

सामाजिक विकास मन्त्रालय कोशी प्रदेशको मिति ........................ मा प्रकाशित सूचना बमोजिम देहायका कागजात संलग्न राखी विपन्न/दलित/अपांगता उच्च शिक्षा छात्रवृत्ति प्राप्त गर्नका लागि यो निवेदन पेश गरेको छु। मैंले यस बर्ष/ सेमेस्टर/तहमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य कुनै सरकारी तथा निजी संस्थाले प्रदान गर्ने कुनैपनि छात्रवृत्ति रु .................. प्राप्त गरेको छु/कुनै छात्रवृत्ति प्राप्त गरेको छैन। मैंले उल्लेख गरेका विवरणहरु सत्य छन्, झुट्टा भएमा प्रचलित कानुन बमोजिम कारवाहीको लागि मञ्जुर छु। कुनै निकायमा पूर्णकालीन रोजगारीमा नरहेको र छात्रवृत्ति प्राप्त भएमा अध्ययनलाई निरन्तरता दिई मन्त्रालयबाट माग भएको बखत प्रगती समेत पेश गर्ने प्रतिवद्दता समेत जाहेर गर्दछु ।

विद्यार्थीको नाम थरः

विद्यार्थीको दस्तखतः

मितिः

अध्ययनरत संकाय, तह र बर्ष/सेमेष्टारः

| निवेदकको औंठाछाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**सम्बन्धित उच्च शिक्षा संस्थाको सिफारिस**

श्री सामाजिक विकास मन्त्रालय,

कोशी प्रदेश, विराटनगर ।

उल्लेखित निवेदन तथा संलग्न प्रमाण समेतका आधारमा .............. जिल्ला ................. गाउँपालिका/नगरपालिका/उप महानगरपालिका/महानगरपालिका वडा नं ...... ठेगाना भई यस संस्थामा .................... संकाय ............. तह ..... बर्ष/सेमेस्टरमा नियमित अध्ययनरत विद्यार्थी श्री .................................. लाई विपन्न/दलित/अपाङ्गता उच्च शिक्षा छात्रवृत्तिको लागि सिफारिस गर्दछु। यस शिक्षण संस्थामा निजको यस बर्षको बार्षिक शुल्क रु..................../निशुल्क रहेको छ। निजले यस शैक्षिक बर्षमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य कुनै सरकारी तथा निजी संस्थाले प्रदान गर्ने छात्रवृत्ति रु .............. प्राप्त गरेको/कुनै छात्रवृत्ति प्राप्त नगरेको व्यहोरा प्रमाणित गर्दछु। निज पछिल्लो प्रकाशित नतिजा अनुसार ....... तह ............. बर्ष/सेमेष्टारको GPA/ Percentage .......... रहेको छ ।

क्याम्पस प्रमुखको

नामः दस्तखतः

क्याम्पसको नाम ठेगानाः मितिः

संस्थाको छापः

**विद्यार्थीले संलग्न गर्नुपर्ने कागजातहरूः**

क) अनुसूची २ बमोजिमको विवरण फारम

ख) नेपाली नागरिकताको प्रमाण—पत्र वा स्थायी बसोबास खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

ग) दलित वा अपाङ्गता वा विपन्न खुल्ने आधिकारिक कागजातको प्रतिलिपि,

घ) अध्ययरत बर्ष भन्दा अघिल्लो तह/बर्ष/सेमेस्टरको मार्क सिट/ग्रेडसिट,

ङ) निवेदकको स्थायी लेखा नम्बर (PAN) र बैंक चेकको प्रतिलिपि ।

# अनुसूची — २

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

फोटो

छात्रवृत्ति आवेदनका लागि सामाजिक विकास मन्त्रालय कोशी प्रदेशमा पेश गर्नुपर्ने विद्यार्थी विवरण फारम

## १. आवेदक विद्यार्थीको विवरण

| | | | | |
|---|---|---|---|---|
| विद्यार्थीको नाम, थर | सुरुको नाम | बीचको नाम | अन्तिम नाम(थर) | |
| (देवनगरीमा) | | | | |
| अंग्रेजीमा(Capital Letters) | | | | |
| नागरिकताको किसिम | | ना.प्र.न. | जारी मितिः | जारी गर्ने जिल्ला |
| लिङ्ग | महिला | पुरुष | अन्य | |
| स्थायी ठेगाना | जिल्ला | गापा/न.पा | वडा नं. | टोल/गाउँ |
| हालको ठेगाना | जिल्ला | गापा/न.पा | वडा नं. | टोल/गाउँ |
| सम्पर्क नम्बर | टेलिफोनः | | | |
| | मोबाइलः | | | |
| इमेल | | | | |
| जन्म मिति | वि.स. | | इस्वी(सन्) | |
| बाबुको नाम,थर | | | | |
| आमाको नाम,थर | | | | |
| बाजेको नाम,थर | | | | |

## २. शैक्षिक योग्यता

| | | | | |
|---|---|---|---|---|
| एस.एल.सी./एस.ई.ई. | उत्तीर्ण वर्ष | | श्रेणी/प्रतिशत/ GPA | |
| विद्यालयको नाम र ठेगाना | | | | |
| उच्च माध्यमिक विद्यालय(१२कक्षा) | उत्तीर्ण वर्ष | | श्रेणी/प्रतिशत/GPA | |
| अध्ययन गरेको विद्यालयको नाम र ठेगाना | | | | |
| स्नातक तह | उत्तीर्ण वर्ष | | श्रेणी/ प्रतिशत/GPA | |
| विश्वविद्यालय रजिष्ट्रेसन न. | | | | |
| अध्ययन गरेको शैक्षिक संस्थाको नाम र ठेगाना | | | | |

सामाजिक विकास मन्त्रालय

### ३. अध्ययनरत शैक्षिक संस्थाको विवरण

| | | | | |
|---|---|---|---|---|
| अध्ययनरत शैक्षिक संस्थाको नाम र ठेगाना | | | | |
| अध्ययनरत शैक्षिक संस्था आवद्द विश्वविद्यालय | | | | |
| अध्ययनरत तह | स्नातक तह | | स्नातकोत्तर तह | |
| अध्ययनरत वर्ष वा सेमेस्टर | | | | |
| सङ्काय | | | | |
| विषय | | | | |

### ४. छात्रवृति वा निशुल्क वृत्ति पाएको भए विवरण

| क्र.स | छात्रवृति/निशुल्क वृत्तिको नाम | छात्रवृति प्रदान गर्ने संस्थाको नाम र ठेगाना | छात्रवृति रकम | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |

### ५. विद्यार्थीको बैंक खाता र पान सम्बन्धी विवरण

| | |
|---|---|
| बैंकको नाम | |
| ठेगाना | |
| शाखा | |
| बिद्यार्थीको बैंक खाता नम्बर | |
| स्थायी लेखा नम्बर (PAN) | |

....... .....................

विद्यार्थीको दस्तखत

सामाजिक विकास मन्त्रालय

## अनुसूची — ३

**(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)**

**सम्बन्धित स्थानीय तह/वडाबाट गरिने सिफारिसको ढाँचा**

मितिः ....................

श्री सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश

मार्फत

श्री .....................................महानगर/उपमहानगर/नगर/गाउँ पालिका

...... नम्बर वडा कार्यालय .......................... ।

**विषयः विपन्नताको स्वघोषणा र सिफारिस सम्वन्धमा ।**

**आवेदकको स्वघोषणाः**

यस वडामा स्थायी रूपमा बसोबास गर्ने म श्री/सुश्री —————— (नागरिकता नं. ————, —————— क्याम्पस —————— मा अध्ययनरत) यस कार्यालय मार्फत देहाय विवरण स्वघोषणा गरी विपन्नता सिफारिसका लागि निवेदन गरेको छु ।

**स्वघोषित विवरणः**

१. परिवारका सदस्य संख्याः ———

२. परिवारको मुख्य आम्दानीको स्रोतः ———

३. वार्षिक पारिवारिक कुल आम्दानी (रु.): ———

४. स्थायी रोजगारीमा संलग्न परिवार सदस्य संख्याः ———

५. उल्लेखनीय चल/अचल सम्पत्ति भए/नभएको विवरणः ———

स्वघोषणा गर्ने व्यक्तिको नाम थरः

हस्ताक्षरः

मितिः

**वडा कार्यालयको सिफारिसः**

श्री सामाजिक विकास मन्त्रालय,

कोशी प्रदेश ।

प्रस्तुत स्वघोषणा र पेश भएका कागजात समेतका आधारमा निजको आर्थिक अवस्था कमजोर/विपन्न रहेको र उच्च शिक्षा अध्ययनमा आर्थिक कठिनाई रहेको व्यहोरा प्रमाणित गर्दछु।

**सिफारिस गर्ने**

वडा कार्यालयको छाप

दस्तखतः ................................

नाम थरः ...................................

पदः वडाध्यक्ष

मितिः २०८२/ /

सामाजिक विकास मन्त्रालय

अनुसूची ४

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

## विपन्न उच्च शिक्षा छात्रवृत्ति प्राथमिकता निर्धारण फारम ढाँचा

| क्र.स. | विद्यार्थीको नाम थर | शैक्षिक उपलब्धि (३) | शिक्षण शुल्क (३) | भौगोलिक अवस्था (२) | पूर्ण अशक्त र अति अशक्त परिवारका सन्तती (२) | जम्मा (१०) | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

सामाजिक विकास मन्त्रालय

अनुसूची ५

(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

<u>दलित उच्च शिक्षा छात्रवृत्ति प्राथमिकता निर्धारण फारम ढाँचा</u>

| क्र.स. | विद्यार्थीको नाम थर | आर्थिक अवस्था (२) | शैक्षिक उपलब्धि (३.५) | शिक्षण शुल्क (३.५) | भौगोलिक अवस्था (१) | कुल अंक (१०) | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

सामाजिक विकास मन्त्रालय

अनुसूची ६

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

## अपाङ्गता तर्फको उच्च शिक्षा छात्रवृत्ति प्राथमिकता निर्धारण फारम ढाँचा

| क्र.स. | विद्यार्थीको नाम थर | आर्थिक अवस्था (२) | अपाङ्गताको बर्ग (२) | शैक्षिक उपलब्धि (२.५) | शिक्षण शुल्क (२.५) | भौगोलिक अवस्था (१) | कुल अंक (१०) | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

सामाजिक विकास मन्त्रालय